# स्थानीय राजपत्र

भाग- २ खण्ड ५ संख्या ८

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

**"धौलागिरी शहिद स्मृतिपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७८"**

अनुसूची १
(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ संख्या ७ (१७ कार्तिक, २०७८)

**भाग- २**

# बागलुङ नगरपालिका

## "धौलागिरी शहिद स्मृतिपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७८"

**प्रस्तावना:**

आर्थिक विकास देश विकासको मेरुदण्ड हो र आर्थिक समृद्धि विना नागरिकको दैनिक जीवनसंग सम्वन्धित गाँस, वाँस,कपास, शिक्षा र स्वास्थ्य जस्ता आधारभुत पक्षहरुको व्यवस्थापन सम्भव छैन । नेपालको सन्दर्भमा पर्याप्त आर्थिक विकास र यसले श्रृजना गर्ने रोजगारीका अवसरहरुको अभाव भएका कारण कैयौ नागरिकहरु वेरोजगारी अवस्थाबाट गुज्रीरहेको अवस्थामा वैदेशिक रोजगारी तर्फको आकर्षण वढ्दै गैरहेको सन्दर्भलाइ मध्यनजर गरी बागलुङ नगरपालिकाद्वारा स्थापित र संचालित धौलागिरी शहिद स्मृति पार्कलाइ व्यवस्थित रुपमा सञ्चालन गर्दै आर्थिक विकासका गतिविधी सञ्चालन गरी रोजगारीका अवसरहरु श्रृजना गर्न सकिने सम्भावनालाइ आत्मासाथ गर्दै **"शहिद स्मृति पार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७८"** लाइ बागलुङ नगरकार्यपालिकाको मिति २०७८।७।१६ को निर्णयानुसार स्वीकृत गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम प्रारम्भ

१. **नामः-** कार्यविधीको नामः-**"शहिद स्मृति पार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७८"** रहने छ।

२. **प्रारम्भः-** बागलुङ नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ।

३. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) कार्यविधी भन्नाले बागलुङ नगरपालिकाको **"शहिद स्मृति पार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७८"** लाई सम्झनु पर्ने छ।

ख) वोर्ड भन्नाले बागलुङ नगरकार्यपालिकालाई सम्झनु पर्ने छ।

ग) प्रमुख भन्नाले बागलुङ नगरकार्यपालिकाका प्रमुखलाई सम्झनु पर्ने छ।

घ) तोकिएको वा तोकिए वमोजिम भन्नाले यस कार्यविधी वमोजिम तोकिएको वा नगर प्रमुख वा नगरकार्यपालिकाको निर्णय समेतलाइ सम्झनु पर्ने छ।

ङ) कोष भन्नाले यस कार्यविधीमा उल्लेख भए वमोजिमको वित्तिय कोषलाई सम्झनु पर्नेछ।

## परिच्छेद २

## लक्ष्य र उद्देश्य

४. **लक्ष्य र उद्देश्यः-** बागलुङ नगरपालिका वडा नं १ स्थित धौलागिरी शहिद स्मृति पार्को व्यवस्थित सञचालन गरी आय श्रोतको विकास गर्दै क्रमशः रोजगारीका अवसर श्रृजना गरी समृद्ध नेपाल सुखि नेपालिको अवधारणालाई आत्मसाथ गर्ने

अनुसूची १
(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

## परिच्छेद ३

## शहिद स्मृति पार्क सञ्चालन तथा व्यवस्थापन समितिको गठन र सञ्चालन

क) **निर्देशक समितिः-** धौलागिरी शहिद स्मृति पार्को व्यवस्थित सञ्चालन तथा व्यवस्थापन सम्वन्धि मार्ग दर्शनका लागि देहाय वमोजिमको निर्देशक समिति रहने छ नगर प्रमुखः- संयोजक

ख) नगर उप प्रमुखः-सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतः-सदस्य

घ) जिल्ला स्थित वन कार्यालय प्रमुखः-सदस्य

ङ) सम्वन्धित वडाका वडा अध्यक्ष पदेनः- सदस्य

च) समितिले तोकेको समाजसेवीः- १ जना सदस्य

छ) निर्देशक समितिले तोकेको अधिकृत कर्मचारीः- सदस्य सचिव

**५. शहिद स्मृति पार्क व्यवस्थापन समितिको गठन ।**

१) बागलुङ नगरपालिका वडा नं १ स्थित धौलागिरी शहिद स्मृति पार्कलाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहाय वमोजिमको व्यवस्थापन समितिको गठन हुनेछ ।

क) समाजका प्रतिष्ठित व्यक्तित्वहरु मध्येबाट नगर प्रमुखले तोकेकोः-अध्यक्ष

ख) वडा समितिले तोकेको सम्वन्धित वडाको वडा सदस्यः-सदस्य

ग) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको एकजना महिला सहित २ जनाः-सदस्य

घ) महिला, दलित, जनजाती तथा अन्य समेतबाट नगर प्रमुखले तोकेका ४ जनाः-सदस्य

ङ) समाजसेवी एव पर्यटन प्रेमीहरु मध्येबाट नगर कार्यपालिकाले तोकेका २ जनाः-सदस्य

च) रामरेखा सामुदायिक वनका उपभोक्ता समुहबाट समुहले तोकेका २ जनाः-सदस्य

छ) नगरकार्यपालिकाको कार्यालयले तोकेको एकजना प्रतिनिधीः-सदस्य सचिव

६. **व्यवस्थापन समितिको कार्यकालः**-व्यवस्थापन समितिको कार्यकाल ४ वर्षको हुने छ ।

७. **व्यवस्थापन समितिको वैठकः-** १. शहिद स्मृति पार्क व्यवस्थापन समितिको वैठक सामान्यतया ३ महिनाको एक पटक वस्नेछ र आवश्यकता अनुसार वढि पनि वस्न सक्नेछ ।

२. व्यवस्थापन समितिको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।

## परिच्छेद ४
## पार्क सञ्चालन तथा व्यवसय्थापन कोष

८. **कोष व्यवस्थापनः-**

१. पार्क सञ्चालन तथा व्यवस्थापनका लागि एक छुट्टै कोष हुनेछ र उक्त कोषमा देहाय वमोजिमको रकम सञ्चित हुनेछ ।

क) पार्कको जग्गा वा संरचना भाडामा लगाई त्यसबाट भएको आय रकम

ख) कोषको प्रयोजनका लागि स्वतःस्फुर्त तवरले दातृ निकाय वा व्यक्तिबाट प्राप्त रकम ।

ग) प्रवेश शुल्कबाट प्राप्त रकम ।

९. **कोषको परिचालनः**

१. कोषको परिचालन पार्क व्यवस्थापन समितिका अध्यक्ष र बागलुङ नगरपालिकाको लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुने छ ।

२. पार्कबाट प्राप्त आयमध्ये ७५ प्रतिशत रकम पार्को सञ्चालन तथा व्यवस्थापन कार्यमा चालु तथा पुंजिगत खर्च गर्न सकिनेछ ।

३. प्रत्येक वर्षको आश्विन मसान्त भित्र लेखा परिक्षण गराई देखीएको वार्षिक आयको २५ प्रतिशत रकम नगर कार्यपालिकाको खातामा जम्मा गर्नु पर्नेछ

४. कोषको लेखा परिक्षण बागलुङ नगरकार्यपालिकाकव कार्यालयले गर्ने छ ।

५. खण्ड २ र ३ मा जुनसुकै कुरा लेखिएको भएपनि पहिलोफ चरणमा पार्कको व्यवस्थापनका लागी जनशक्ति र मर्मत सम्भार खर्च नगरकार्यपालिकाको कार्यालयले उपलव्ध गराउने छ ।

६. अत्यावश्यक तथा ठुला संरचानाहरुको निर्माण तथा मर्मत सम्भारका कार्यहरु नगरपालिकाले गर्ने छ ।

अनुसूची १
(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

## परिच्छेद ५
## व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१०. **व्यवस्थापन समितिको काम कार्तव्य र अधिकार**:- व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

१. शहिद स्मृति पार्कको रेखदेख निर्माण तथा मर्मत सम्भार लगायतको समग्र व्यवस्थापन गर्ने।

२. पार्क भित्र हुने अवाञ्छित कृयाकलापहरु नियन्त्रण गर्ने।

३. पार्कको गुरुयोजना निर्माण गरी गुरुयोजना अनुसारका संरचनाहरु निर्माण एवं संचालन गर्ने।

४. पार्कको हरियाली प्रवर्धन गर्ने, सुन्दरतामा वढोत्तरी ल्याउने, लामो पुल र पार्क प्रतिको आकर्षण वृद्धी गर्दै लैजाने।

५. पार्कको आधारभुत सौन्दर्यकरण नविग्रने गरी अस्थाइ संरचना निर्माण गर्नेगरी पार्कको कुनै उपयुक्त खण्ड लिजमा लगाई आय श्रोतको वृद्धी गर्ने।

६. प्रत्येक वर्ष आश्विनको १५ गतेभित्र कोषको लेखा परिक्षण गराउने।

७. नगरकार्यपालिका समक्ष आफ्नो बार्षिक प्रतिवेदन पेश गर्ने।

८. नगर सभाले तोके वमोजिम पार्क प्रवेशमा शुल्क लगाउने।

९. शहिद पार्क व्यवस्थापन समितिले प्रत्येक वर्षको श्रावण मसान्त भित्र आफ्नो कार्ययोजना निर्माण गरी नगरकार्यपालिका समक्ष पेश गर्नु पर्ने छ। उक्त कार्ययोजना कार्यपालिकाबाट स्वीकृत भएपछि कार्यान्वयन गर्ने।

१०. निर्देशक समितिले दिएको निर्देशनको पुर्ण पालना गर्ने।

११. **संशोधन**:- कार्यविधीमा कुनै हेरफेर वा संशोधन गर्नु पर्ने भएमा नगरकार्यपालिकाले गर्ने छ।

प्रमाणीकरण मिति २०७८ साल कार्त्तिक १७ गते

आज्ञाले
जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत